# इच्छाकामना राजपत्र

**इच्छाकामना** गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ३ संख्याः ३ मितिः २०७६/१०/३०

भाग १

**इच्छाकामना** गाउँपालिका

गाउँ कार्यपालिका कार्यालयको सुचना

## इच्छाकामना गाउँपालिकाको आर्थिक ऐन २०७६

# इच्छाकामना गाउँपालिकाको आर्थिक ऐन २०७६

**प्रस्तावनाः**

इच्छाकामना गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम इच्छाकामना गाउँपालिकाको छैटौ गाउँ सभाले यो संशोधित आर्थिक विधेयक बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

   १. यस ऐनको नाम "संशोधित आर्थिक विधेयक, २०७६" रहेको छ ।

   २. यो ऐन गाउँसभाले पारित गरेको मिति देखी इच्छाकामना र गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** इच्छाकामना गाउँपालिकाका क्षेत्रभित्र अनुसूची ( १) बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत) :** इच्छाकामना गाउँपालिकाका क्षेत्रभित्र अनुसूची ( २) बमोजिम जग्गाको मूल्यांकनका आधारमा भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल तथा भाडा करः** गाउँपालिका क्षेत्र भित्र प्रत्येक घर तथा भवनको लगत संकलन गरिनेछ । इच्छाकामना गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय कर (दर्ता, नविकरण तथा व्यवसाय कर):** इच्छाकामना गाउँपालिकाका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवा मा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची ( ४) बमोजिम व्यवसाय कर (दर्ता, नविकरण तथा व्यवसाय कर) लगाइने र असूल उपर गरिनेछ । होटल ब्यवसायको वर्गिकरण गरी होटलको स्तर , पूर्वाधारको स्तर तथा सेवाको स्तरका आधारमा होटल ब्यवसाय करको दायरा निर्धारण गरिने छ । वार्षिक कारोवारको आधारमा समेत कर निर्धारण गर्न सकिने छ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः**इच्छाकामना गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत

वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** इच्छाकामना गाउँपालिकाका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची ( ६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** इच्छाकामना गाउँपालिकाका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची ( ७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** इच्छाकामना गाउँपालिकाका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची ( ८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः इच्छाकामना** गाउँपालिकाका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका तथा सार्वजनिक स्थानहरुमा अन्य व्यक्ती वा निकायले निर्माण गरी प्रयोग गरि आएका सार्वजनिक तथा नीजि घर टहरा वा भौतिक पूर्वाधारहरु गाउँपालिका क्षेत्र भित्र सार्वजनिक वा कुनै ब्यक्ती संस्थाको हकभोग वाहेकको अन्य जग्गा वा स्थान उपयोग गरी निर्माण गरिएको भवन गोदाम वा यस्तै प्रकृतिका संरचना वा अस्थायी रुपमा पाल टेन्ट टागेर वा रिक्सा ठेला वा यस्तै साधानको प्रयोग गरी गरिने कुनै पनि ब्यवसायिक क्रियाकलापमामा अनुसूची (९) मा उल्लेख भए अनुसार र हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** इच्छाकामना गाउँपालिकाका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, रक ल्काईमिङ,जिपफ्लायर, प्याराग्लाईडिङ, ड्रोन क्यामेरा प्रयोग गरी भिडियोग्राफी र र्या,फ्टीङ्ग शुल्कः** इच्छाकामना गाउँपालिकाकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, रक ल्काईमिङ , जिपफ्लायर प्याराग्लाईडिङ, ड्रोन क्यामेरा प्रयोग गरी भिडियोग्राफी र र्यारफ्टीङ्गसेवा वा यसै प्रकृतिका साहसिक खेल र सम्वन्धित व्यवसाय संचालन गरेवापत अनुसूची (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः इच्छाकामना** गाउँपालिकाकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूची १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** इच्छाकामना गाउँपालिकाकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **पिकनिक स्थल प्रयोग शुल्कः** इच्छाकामना गाउँपालिकाकाले आफ्नो क्षेत्रभित्र तोकिएका स्थानहरुमा पिकनिक क्याम्पफाईर संचालनको लागि अनुसूची १४ मा उल्लिखित दरमा पिकनिक तथा क्याम्पिङ शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१६. **बिक्री करः** इच्छाकामना गाउँपालिकाकाले आफ्नो क्षेत्रभित्र वा वाहिर काठ दाउरा , माटो, नदिजन्य तथा खानीजन्य ढुंगा चोकर वालुवा , स्लेट, खरी तथा खानी जन्य पदार्थहरुमा अनुसूची १५ मा व्यवस्था भए अनुसार निकासी कर शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१७. **प्राकृतिक श्रोत उपभोग करः** गाउँपालिका भित्र संचालनमा रहेका विभिन्न खानी तथा वन पैदवारहरुवाट जुनसुकै ब्यक्ती वा संस्थाले नीजि वा सार्वजनिक जग्गा जमिनमा संचालन गरिआएको स्थाई तथा अस्थाई प्रकृतिका ढुंगा स्लेट माटो वा चुन खरी वा यस्तै प्रकारको खानी संचालन गर्दा उत्पादि सामानमा अनुसूचि १६ मा तोकिए अनुसारको प्राकृतिक श्रोत उपभोग कर लगाईने छ ।यस्तो कर लिईसकेपछी गाउँ पालिका क्षेत्र भित्र प्रयोग वा खपत गर्दा कुनै पनि प्रकारले निकासी कर लाग्ने छैन तर गाउँपालिकाका क्षेत्र वाहिर यस्ता उत्पादन निकासी पैठारी गर्दा गाउँपालिकाले तोके अनुसारको विक्री कर समेत लाग्नेछ ।

१८. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन । तर हरेक आर्थिक वर्षको पौष मसान्त भित्र कर तिर्ने सम्पत्ति करदाता र भूमीकरका करदाताहरुलाई कर रकमको १०% कर छुट दिईने छ ।

१९. **दण्ड जरिवानाः** यस ऐन बमोजिम लगाईएको सवै किसिमको कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुले चालु आर्थिक वर्षको कर चालु वर्षमै तिर्नु पर्नेछ । अघिल्लो बर्षको कर नतिर्ने करदातालाई प्रत्येक आर्थिक वर्षको १०% का दरले थप जरिवाना लाग्दै जानेछ ।

२०. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि इच्छाकामना गाउँपालिकाकाले तोके अनुसार हुने छ ।

राजश्वको श्रोत तथा करका दरहरु सम्वन्धी व्यवस्था अनुसूचीहरुमा समावेश गरिएको छ ।

## अनुसूची १

**सम्पत्ति करको दर**

**(ऐनको दफा ३ संग सम्बन्धित)**

## मुल्याङ्गनको आधारमा लिईने करको दर

| क्र.स. | विवरण | सम्पत्ति कर रु २०७५।६६ | कैफियत |
|---|---|---|---|
| १ | रु १ देखी ५००००० सम्म | १०० | |
| २ | रु ५,००,००१ देखी १०,००,००० सम्म | २०० | |
| ३ | १०,००,००१ देखी १५,००,००० सम्म | ३०० | |
| ४ | १५,००,००१ देखी २०,००,००० सम्म | ४०० | |
| ५ | २०,००,००१ देखी २५,००,००० सम्म | ५०० | |
| ६ | २५,००,००१ देखी ३०,००,००० सम्म | ६०० | |
| ७ | ३०,००,००१ देखी ३५,००,००० सम्म | ७०० | |
| ८ | ३५,००,००१ देखी ४०,००,००० सम्म | ८०० | |
| ९ | ४०,००,००१ देखी ४५,००,००० सम्म | ९०० | |
| १० | ४५,००,००१ देखी ५०,००,००० सम्म | १००० | |
| ११ | ५०,००,००१ देखी ६०,००,००० सम्म | १२०० | |
| १२ | ६०,००,००१ देखी ७०,००,००० सम्म | १४०० | |
| १३ | ७०,००,००१ देखी ८०,००,००० सम्म | १६०० | |
| १४ | ८०,००,००१ देखी ९०,००,००० सम्म | १८०० | |
| १५ | ९०,००,००१ देखी १,००,००,००० सम्म | २००० | |
| १६ | १,००,००,००१ देखी १,२०,००,००० सम्म | ३००० | |
| १७ | १,२०,००,००१ देखी १,४०,००,००० सम्म | ४००० | |
| १८ | १,४०,००,००१ देखी १,६०,००,००० सम्म | ५००० | |
| १९ | १,६०,००,००१ देखी १,८०,००,००० सम्म | ६००० | |
| २० | १,८०,००,००१ देखी २,००,००,००० सम्म | ७००० | |
| २१ | २,००,००,००१ देखी २,५०,००,००० सम्म | ८००० | |
| २२ | २,५०,००,००१ देखी ३,००,००,००० सम्म | ९००० | |
| २३ | ३,००,००,००१ देखी ३,५०,००,००० सम्म | १०००० | |
| २४ | ३,५०,००,००१ देखी ४,००,००,००० सम्म | ११००० | |

| | | | |
|---|---|---|---|
| २५ | ४,००,००,००१ देखी ४,५०,००,००० सम्म | १२००० | |
| २६ | ४,५०,००,००१ देखी ५,००,००,००० सम्म | १३००० | |
| २७ | ५,००,००,००१ भन्दा माथि | रु १ प्रति हजार | |

उपरोक्तानुसार सम्पत्तिकर लिने प्रयोजनका लागि जग्गाको मूल्याकन चालु आब को मालपोतको मूल्याकन दर बमोजिम हुनेछ भने भौतिक संरचनाको मूल्यांकन तपसिल बमोजिम हुनेछ ।

**भौतीक संरचनाको मूल्याङ्गनको आधारः**

| क्र.स | विवरण | दररेट (प्रति वर्ग फिट रु.मा) पहिलो तल्ला | दररेट (प्रति वर्ग फिट रु.मा दोश्रो तल्ला | दररेट (प्रति वर्ग फिट रु.मा) तेश्रो तल्ला र सो भन्दा माथि | ह्रास कट्टी दर (प्रतिशतमा) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आर सि.सि फ्रेम स्ट्रक्चर | १२०० | ९६० | ८०० | ५ | |
| २ | आर सि.सि फ्रेम स्ट्रक्चर ( फ्रेम नभएको) | १००० | ८०० | ६५० | ५ | |
| ३ | सिमेन्टको जोडाई इट्टा वा ढुङ्गाको गाह्रो आर सि सि छाना | १००० | ८०० | ६५० | ७ | |
| ४ | माटोको जोडाइमा इट्टा वा ढुङ्गाको गाह्रो आर सि सि छाना | ९०० | ७२० | ६०० | ७ | |
| ५ | सिमेन्टको जोडाइमा इट्टा वा ढुङ्गाको गाह्रो जस्ता छाना | ६०० | | | १० | |
| ६ | माटोको जोडाइमा इट्टा वा ढुङ्गाको गाह्रो जस्ता छाना | ५०० | | | १० | |
| ७ | सोरुम, उद्योग सञ्चालनको लागि वरिपरी गाह्रो लगाई बनाइएको जस्ताको छाना, सामान्य बसोवासको लागि काठको वा सिमेन्टको खम्बामा बनेका जस्ता, टायल वा झिङ्गटिको छाना इट्टा वा ब्लक लगाई बनाइएको सामान्य घर तथा ग्यारेज | २५० | | | १० | |
| ८ | सोरुम, उद्योग सञ्चालनको लागि वरीपरी गाह्रो नलगाइ बनाइएको जस्ताको छाना भएको टहरा तथा ग्यारेज | २०० | | | १० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | १ देखि ८ सम्म बाहेकका अस्थायी तथा कच्ची घर, टहरा, गोठ, सेड आदी | एक मूष्ठ रु.५०,००० | | | | |
| १० | ढुङ्गाका वा इट्टाको पर्खाल प्रति रनीङ फिट | २०० | | | | |

अनुसूची २

# भूमि (मालपोत)करको दर :

## (ऐनको दफा 3 संग सम्बन्धित)

| | |
|---|---|
| राजमार्ग आसपास ५० मिटरसम्म प्रति कठ्ठा | २०/– |
| राजमार्ग आसपासको ५० मिटर भन्दा भित्र प्रति कठ्ठा | १५/– |
| राजमार्ग देखि भित्रि ग्रामीण सडक आसपासको ३० मिटरसम्म प्रति कठ्ठा | १५/– |
| ग्रामीण व्यावसायिक/ व्यापारीक केन्द्र /स्थान प्रति कठ्ठा | १५/– |
| गाउँपालिका क्षेत्र भित्रका १ देखि ७ नं वडामा पर्ने सबै जग्गाको हकमा प्रति कठ्ठा | १०/– |

अनुसूची ३

# घर जग्गा वहाल कर:

## (ऐनको दफा ४ संग सम्बन्धित)

| क.सं | विवरण | करको दर |
|---|---|---|
| १ | क) कृषि प्रयोजनका लागि प्रयोग हुने घर जग्गा | २ प्रतिशत |
| २ | ख) आवासीय प्रयोजनका लागि प्रयोग हुने घर जग्गा बहालकर | ५ प्रतिशत |
| ३ | ग) व्यवसायीक प्रयोजनका लागि प्रयोग हुने घर जग्गा | १० प्रतिशत |
| ४ | घर जग्गा बहालकर दण्ड जरिवाना | १० प्रतिशत |

अनुसूची ४

# व्यवसाय कर:

## (ऐनको दफा ९ संग सम्बन्धित)

| क्र.सं. | विवरण | करको दर |
|---|---|---|
| १ | **होटल, लज, रेष्टुरेन्ट, बार, क्याफे, भोजनालय, मिष्ठान्न भण्डार, चिया तथा कफी पसल** | |
| | क) सामान्य चिया पसल | १००० / |
| | ख) लज सहित होटल | ३००० / |
| | ग) सामान्य खाना नास्ता | २००० / |
| | घ) चिया तथा मिष्ठान्न भण्डार | ३००० / |
| | ङ) दोहोरी साँझ | ५०००/– |
| | च) पार्टिप्यालेस र दोहोरी साँझ दुबै सञ्चालन | १००००/– |
| | छ) रिभर साइड स्प्रिङ रिसोर्ट | १५००००/– |
| | ज) सिद्धार्थ होटल | १०००००/– |
| | झ) होटल डालिमा | ८००००/– |
| | ञ) मनकामना राइसिङ्ग रिसोर्ट | १००००/– |
| | ट) सेन्टर प्वाइन्ट | ५०००/– |
| २ | **टेन्ट हाउस, क्याटरिङ्ग** | |
| | क) श्रेणी (टेन्ट हाउस र क्याटरिङ्ग दुवै भएको ) | ५०००/– |
| | ख) श्रेणी (टेन्ट हाउस मात्रै) | ३०००/– |
| ३ | **सुनचाँदी पसल** | |
| | क) ३ जना भन्दा बढी कामदार राखी व्यवसाय गर्ने | ५०००/– |
| | ख) ३ जना सम्म कामदार राखी व्यवसाय गर्ने | ३०००/– |
| | ग) आफै गहना बनाई व्यवसाय गर्ने | २०००/– |
| | घ) आधुनिक गहना (सुनको जलप लगाएको वा नक्कली गहना) | २०००/– |
| ४ | **टेलरीङ्ग व्यवसाय** | |
| | क) लुगा सहितको टेलरिङ्ग व्यवसाय | १०००/– |
| | ख) टेलरिङ्ग व्यवसाय मात्र | ५००/– |
| | ग) गार्मेन्ट उद्योग | ५०००/– |
| ५ | **सैलुन** | |
| | ३ सिट भन्दा बढी भएको | १५००/– |
| | ३ सिट वा सो भन्दा कम | ५००/– |
| ६ | **ब्यूटि पार्लर** | |
| | क) तालिम दिने समेत ब्यूटि पार्लर | २०००/– |
| | ख) ब्यूटि पार्लर मात्र | ५००/– |
| ७ | **क) कम्प्युटर, टिभी, फ्रिज लगायत इलेक्ट्रोनिक सामग्री विक्री तथा मर्मत** | ३०००/– |
| | ख) कम्प्यूटर, टिभी, फ्रिज लगायत इलेक्ट्रोनिक मर्मत | १५००/– |
| | ग) मोवाईल मर्मत तथा बिक्री | ३०००/– |
| | घ) मोवाईल मर्मत मात्र | १५००/- |
| ८ | **क) रेडियो, घडी, टेलिफोन, क्यालकुलेटर विक्री तथा मर्मत** | ३०००/– |
| | **ख) रेडियो, घडी, टेलिफोन, क्यालकुलेटर मर्मतमात्र** | १५००/– |

| | | |
|---|---|---|
| ९ | **जुत्ता तथा चप्पल विक्री** | |
| | क) श्रेणी (थोक) | २०००/- |
| | ख) श्रेणी (खुद्रा) | ७५०/- |
| | ग) श्रेणी (जुत्ता तथा चप्पल आफै बनाई विक्री तथा मर्मत गर्ने) | ५००/- |
| १० | **डिलर व्यवसाय (थोक विक्रेता)** | |
| | ५ भन्दा बढी ब्राण्ड का सामानहरु डिलर | ८०००/- |
| | ३ भन्दा बढी ५ वटासम्म ब्राण्ड का सामानहरुको डिलर | ४०००/- |
| | १ भन्दा बढी ३ वटासम्म ब्राण्ड का सामानहरुको डिलर | २०००/- |
| | १ मात्र ब्राण्डको सामानहरुको डिलर | १०००/- |
| ११ | **औषधी उद्योग** | १००००/- |
| १२ | औषधी विक्रेता | ३०००/- |
| १३ | **चस्मा पसल** | ७५०/- |
| १४ | **अस्पताल तथा नर्सिङ होम (डाक्टर र वेड राखि उपचार गर्ने)** | १००००/- |
| १५ | **पोली क्लिनिक ल्याब सहित** | ४०००/- |
| १६ | **क्लिनिक वा ल्याब** | ३०००/- |
| १७ | **डेण्टल क्लिनिक** | ३०००/- |
| १८ | **पान पसल** | ५००/- |
| १९ | **लुगा धुलाई तथा सरसफाई** | |
| | ड्राई क्लिनर्स | ३०००/- |
| | धोबी | १५००/- |
| २० | **सूर्तिजन्य व्यवसाय/उद्योग** | |
| | क श्रेणी (प्याकेजिङ्ग सहित विक्री गर्ने) | १००००/- |
| | ख श्रेणी (अन्य) | २०००/- |
| २२ | **आर्ट व्यवसाय** | |
| | कामदार राखी व्यवसाय गर्ने | ७५०/- |
| | आफै व्यवसाय गर्ने | ५००/- |
| २३ | **इलेक्ट्रिक सामानहरुको विक्री तथा** | |
| | क) थोक र खुदा समेत | २०००/- |
| | ख) थोक मात्र | १५००/- |
| | ग) खुद्रा मात्र | १०००/- |
| | घ) श्रेणी १ कि.मि. राजमार्ग बाहिर | ७५०/- |
| | ङ) इलेक्ट्रिक सामानको मर्मत मात्र सबैको लागि | ५००/- |
| २४ | **फोटो स्टुडियो** | |
| | क) कलर ल्याब फोटो स्टुडियो, फ्लेक्स बोर्ड | ५०००/- |
| २५ | **धागो, टाँक, फस्नर पसल** | १५००/- |
| २६ | **भाँडा पसल** | |
| | क) थोक विक्रेता | २०००/- |
| | ख) खुद्रा विक्रेता | १०००/- |
| २७ | **गिफ्ट तथा कस्मेटिक पसल** | |
| | क) थोक विक्रेता | १५००/- |

| | | |
|---|---|---|
| | ख) खुद्रा विक्रेता | १०००/- |
| २८ | **प्लाई, सिसा, कार्पेट आदि विक्री गर्ने** | |
| | क) थोक र खुद्रा समेत | ३०००/- |
| | ख) खुद्रा मात्र | २०००/- |
| २९ | **नयाँ पेट्रोल पम्प दर्ता** | |
| | डिजेल, पेट्रोल दुवै विक्री गर्ने | २००००/ |
| | डिजेल मात्र | १००००/- |
| | पेट्रोल मात्र | ५०००/- |
| | मट्टितेल नोजलबाट विक्री गर्ने | ५०००/- |
| | मट्टितेल लिटरले भरेर विक्री गर्ने | १०००/- |
| | इलेक्टिक चार्ज पम्प | १५०००/- |
| ३० | **ग्याँस सिलिण्डर विक्रेता** | |
| | क) थोक, डिलर, खुद्रा सबै | ३०००/- |
| ३१ | **साईकल तथा रिक्सा विक्री** | |
| | क) श्रेणी (थोक) | ३०००/- |
| | ख) श्रेणी (साईकल तथा रिक्सा दुवै) | २०००/- |
| | ग) श्रेणी (साईकल मात्र) | १५००/- |
| ३२ | **साईकल तथा रिक्सा मर्मत** | |
| | क) श्रेणी (साईकल तथा रिक्सा दुवै) | ५००/- |
| | ख) श्रेणी (साईकल मात्र) | ३००/- |
| ३३ | **अटोमेकानिकल तथा ईन्जिनियरिङ्ग, पार्टस वा वर्कसप** | |
| | क) श्रेणी (पार्टस थोक २ भन्दा बढी ब्राण्ड) | १००००/- |
| | ख) श्रेणी (पार्टस थोक २ ब्राण्ड सम्म) | ५०००/- |
| | ग) श्रेणी (पार्टस खुद्रा) | १५००/- |
| ३४ | **मोटरसाइकल, इलेक्ट्रीक अटो तथा पेट्रोलबाट चल्ने अटो आदिको पार्टस विक्री तथा मर्मत** | |
| | क) श्रेणी (थोक) | ५०००/- |
| | ख) श्रेणी (खुद्रा) | १०००/- |
| ३५ | **जिपकार भ्यान सो रुम** | १५०००/- |
| ३६ | **लेथ सेक्सन तर्फ** | |
| | क) टेलर ट्रयाक्टर विक्रेता, मर्मत | ५०००/- |
| | ख) लेथ तथा मर्मत | ३०००/- |
| | ग) सटर, ग्रिल | २०००/- |
| ३७ | **मोटर बडी विल्डर्स** | |
| | क) श्रेणी (बस, ट्रक) | ५०००/- |
| | ख) श्रेणी (हलुका सवारी) | ३०००/- |
| | ग) व्याट्रि तथा डाईनोभो मर्मत | १५००/- |
| ३८ | **टायर मर्मत गर्ने, हावा हाल्ने सिट मर्मत गर्ने , अन्य** | २०००/- |
| | **टायर रिसोलिङ्ग, कोल्ड रिट्रेड** | ५०००/- |
| ३९ | **क) मोटरसाईकल रि-कण्डीसन** | ३०००/- |

| | | |
|---|---|---|
| | **ख) मोटर साईकल सोरुम** | १०००० / – |
| ४० | **पशुआहार उद्योग फिड्स** | १०००० / – |
| ४१ | **लेखा परीक्षक सूचिकृत** | |
| | क र ख श्रेणी | २००० / – |
| ४२ | **बैङ्क तथा वित्तिय संस्था व्यवसाय सञ्चालन कर** | |
| | क वर्गको बैङ्क तथा वित्तिय संस्था | १५००० / – |
| | ख बर्गको बैङ्क तथा वित्तिय संस्था | १२००० / – |
| | ग वर्गको बैङ्क तथा वित्तिय संस्था | १०००० / – |
| | घ लघुवित्त तथा सिमित बैङ्किक कारोबार | ५००० / – |
| | ङ वचत तथा ऋृण सहकारी | २००० / – |
| ४३ | **पाउरोटी** | |
| | (पाउरोटी उद्योग) | ५००० / – |
| | (बेकरी, केक डुनोट आदि) | ५००० / – |
| ४४ | **बरफ, बिस्कुट तथा दालमोठ उद्योग** | ५००० / – |
| ४५ | **ब्लक, रिङ्ग टायल र तारबार पोल उद्योग** | १५००० / – |
| ४६ | **पोलिथिन पाईप तथा अन्य प्लाष्टिकका सामनहरुको उद्योग** | २०००० / – |
| ४७ | **मैनबत्ती तथा अगरबत्ती उद्योग** | १०००० / – |
| ४८ | **अमिलो, चकलेट, मसला, तितौरा, मस्यौराउत्पादन गर्ने घरेलु उद्योग** | ५००० / – |
| ४९ | **परामर्श सेवा** | |
| | ईन्जिनियरिङ्ग कल्सल्टेन्सी | ५००० / – |
| | शैक्षिक बैदेशिक | २५०० / – |
| ५० | **किराना पसल, डिपार्टमेन्टल स्टोर** | |
| | क) थोक विक्रेता | ३५०० / – |
| | ख) खुद्रा विक्रेता | १५०० / – |
| | घ) डिपार्टमेन्टल स्टोर | १०००० / – |
| | च) कोल्ड स्टोर्स, प्रोभिजनल स्टोर्स | १५०० / – |
| ५१ | **मादल मर्मत तथा विक्री** | १५०० / – |
| ५२ | **बाध्यवाधन बस्तुहरुको** | |
| ५३ | **ह्यूमपाईप, विद्युत पोल उद्योग** | १५००० / – |
| ५४ | **झोला तयारी गर्ने उद्योग** | १०००० / – |
| | **झोला तयारी गर्ने घरेलु उद्योग** | ५००० / – |
| ५५ | **डेरी उद्योग (दुग्ध तथा दुग्धजन्य अन्य व्यवसाय)** | |
| | क श्रेणी (डेरी उद्योग) | ५००० / – |
| | ख श्रेणी (चिलिङ भ्याट राखिप दुग्ध संकलन गरि विक्री गर्ने) | १५०० / – |
| | ग श्रेणी (दुग्ध संकलन गरी विक्री गर्ने) | ५०० / – |
| ५६ | **फर्निचर उद्योग, फर्निचर सोरुम** | |
| | क श्रेणी (उद्योग सहितको शो रुम) | ५००० / – |
| | ख श्रेणी (शो रुम मात्र) | ३००० / – |
| | ग श्रेणी (साधारण फर्निचर) | २००० / – |

| | | |
|---|---|---|
| ५७ | **ग्रिल सटर उद्योग तथा स्टिल रेलीङ्ग जडान** | |
| | क) श्रेणी पृथ्वी राजमार्ग दखि १ कि.मि. सम्म | ५000/- |
| | ख) श्रेणी १ कि.मि. राजमार्ग बाहिर | ३000/- |
| | ग) स्टिल रेलिङ्ग जडान व्यवसाय | २५00/- |
| ५८ | **मिल (कुटानी, पिसानी, पेलानी, सेलर, तेल आदि)** | |
| | क)श्रेणी (एकभन्दा बढी भएमा) | २000/- |
| | ख)श्रेणी ( मसला मिल ) | १000/- |
| | ग) श्रेणी १ कि.मि. राजमार्ग बाहिर | ७५0/- |
| | घ) मैदा मिल | १0000/- |
| | ङ) भुजा तथा चिउरा दुवै उत्पादन गर्ने मिल | ७000/- |
| | च) चिउरा मिल | ५000/- |
| ५९ | **प्लान्ट वा उद्योग (राईस मिल)** | |
| | क) स्टीम प्लान्ट | १५000/- |
| ६0 | **माछा, मासु पसल** | |
| | थोक खुद्रा दुवै | ३000/- |
| ६१ | **तरकारी, फलफुल, साग सब्जी तथा पुष्प व्यवसाय** | |
| | क) थोक विक्रेता | ३000/- |
| | ख) खुद्रा विक्रेता | २000/- |
| ६२ | **अण्डा र दाना तथा पशु आहार** | |
| | क) श्रेणी (थोक) | ३000/- |
| | ख) श्रेणी (खुद्रा) | २000/- |
| ६३ | छाला संकलन तथा विक्री | २000/- |
| ६४ | इट्टा विक्री डिपो तथा संकलन केन्द्र | ३000/- |
| ६५ | विमा कम्पनी | ५000/- |
| | विमा एजेन्सी | १000/- |
| ६६ | **डोको, नाम्लो, भकारी, प्लाष्टिक तथा बेतबासका सामानहरु विक्री** | |
| | क) थोक | १000/- |
| | ख) थोक खुद्रा दुवै | ७५0/- |
| | ग) खुद्रा मात्र | ५00/- |
| ६७ | **हार्डवेयर पसल** | |
| | क) श्रेणी (सिमेन्ट, छड, जस्ता लगायतका सामग्री) | ७000/- |
| | ख) श्रेणी (रंग रोगन, सेनेटरी लगायतका सामग्री) | ४000/- |
| | ग) श्रेणी (अन्य हार्डवेयरका सामग्री भएका साना व्यवसाय) | २000/- |
| ६८ | रंग रोगन उद्योग | १५000/- |
| ६९ | **गल्ला व्यापार (धान, मकै, गहुँ तथा अन्य खाद्यान्न आदि)** | |
| | क)राजमार्ग दखि १ कि.मि. सम्म | ५000/- |
| ७0 | मेटलको भाडा, मूर्ति र गरगहना बनाउने व्यवसाय | १५00/- |
| ७१ | माटोको भाँडा बनाउने व्यवसाय | ५00/- |
| ७२ | पुस्तक, स्टेशनरी तथा खेलकुदका सामानहरुको विक्री | १५00/- |
| ७३ | केबुल प्रसारण | १0000/- |

| | | | |
|---|---|---|---|
| ७४ | फोटोकपी, फ्याक्स, लेमिनेशन, ब्याण्डीङ्ग, कुरियर सेवा | | २०००/– |
| ७५ | कम्प्युटर, ड्राईभिङ्ग तथा भाषा तथा अन्य इन्स्टिच्युट | | २०००/– |
| ७६ | कपडा पसल | | |
| | क थोक विक्रेता | | ३०००/– |
| | ख) खुद्रा विक्रेता | | २०००/– |
| ७७ | छापाखाना तथा किताब | | ५०००/– |
| ७८ | साइवर, नेट फोन सेवा (कम्यूनिकेशन सेवा) | | ५०००/– |
| ७९ | निर्माण व्यवसायी (कन्सट्रक्सन) | दर्ता शुल्क | |
| | क श्रेणी | ६०००/– | १००००/– |
| | ख श्रेणी | ४०००/– | ५०००/– |
| | ग श्रेणी | ३५००/– | २०००/– |
| | घ श्रेणी | ३०००/– | ३०००/– |
| | ( घ श्रेणीका इच्छाकामना गाउँपालिका भन्दा बाहीरका निर्माण व्यवसायीलाई रु.३०००।– लिई सुचिकृत गरिनेछ ) | | |
| ८० | **फेन्सि पसल** | | |
| | क) थोक विक्रेता | | ३०००/– |
| | ख) खुद्रा विक्रेता | | २०००/– |
| ८१ | **मार्बल, टायल, सेनेटरीका सामानहरुको विक्री** | | |
| | **क) थोक विक्रेता** | | ५०००/– |
| | **ख) खुद्रा विक्रेता** | | ३०००/– |
| ८२ | **आलु, प्याज, लसुन व्यापार** | | |
| | **क)थोक विक्रेता** | | १५००/– |
| | **ख)खुद्रा विक्रेता** | | ७५०/– |
| ८३ | **एफ.एम. रेडियो** | | ५०००/– |
| ८४ | **रासायनिक मल, बिउ विजन, किटनासक औषधी विक्री** | | |
| | **क) थोक विक्रेता** | | २०००/– |
| | **ख) खुद्रा विक्रेता** | | १०००/– |
| ८५ | **क) मदिरा थोक विक्री** | | ३०००/– |
| | **ख) मदिरा खुद्रा विक्री** | | १५००/– |
| ८६ | **हाउजिङ्ग कम्पनी/प्लटिङ** | | १००००/– |
| ८७ | **विदेशी भाषा पढाउने कोचिङ्ग सेन्टर** | | ५००० |
| | **ट्यूसन सेण्टर** | | ७५०/– |
| ८८ | **बेरिङ रिपेरिङ तथा विक्री** | | ७५०/– |
| ८९ | **गाडी धुने** | | ६०००/– |
| ९० | **मेशिनरी सामान मर्मत गर्ने** | | १५००/– |
| ९१ | **रेमिटेन्स सेवा** | | ३०००/– |
| ९२ | **कवाडी संकलन** | | ३०००/– |
| ९३ | **मोबिल, ग्रिज विक्री** | | ३०००/– |
| ९४ | **टुर्स एण्ड ट्राभल्स** | | |

| | | |
|---|---|---|
| | क) टुर्स एण्ड ट्राभल्स | ३०००/- |
| | ख) टिकट काउन्टर | २०००/- |
| ९५ | **गिट्टी, बालुवा, ढुङ्गा सप्लायर्स/इट्टा सप्लायर्स** | ५०००/- |
| ९६ | **केरा, मेवा तथा उखु बगान/फलफुल जन्य उत्पादन** | ७५०/- |
| ९७ | **गाडीको धर्मकाटा** | ३०००/- |
| ९८ | **भेटनरी सेवा** | |
| | क) एग्रोभेट र भेटनरी सहीत | ३०००/- |
| | ख) एकमात्र भएमा | २०००/- |
| ९९ | **गाई तथा भैसी, बंगुर, बाखा पालन एवं अन्य पशुपालन व्यवसाय** | १०००/- |
| १०० | **चिप्स उद्योग** | १००००/- |
| १०१ | आल्मुनियम, यु.पि.भि.सि., प्रिफेब, कार्डबोर्डका झ्याल ढोका निर्माण तथा विक्री | ३०००/- |
| | आल्मुनियम, यु.पि.भि.सि., प्रिफेब, कार्डबोर्डका झ्याल ढोका विक्री | १०००/- |
| १०२ | **बाँस खरिद विक्री डिपो** | २०००/- |
| १०३ | **ढुङ्गा, गिट्टी, बालुवा, माटो उत्खनन्** | प्रदेश सभाको कानुन बमोजिम हुने । |
| | क) ढुङ्गा, गिट्टी, बालुवा, प्रति घनमिटर | |
| | ख) माटो उत्खनन् प्रति घनमिटर | |
| १०४ | **सोलार विक्री गर्ने** | २०००/- |
| १०५ | **घुमिफिरी खाद्यान्न तथा अन्य सामान विक्री गर्ने ठेला व्यवसाय समेत** | ५००/- |
| १०६ | **कुखुरा पालन व्यवसाय** | |
| | कुखुरा संख्या २०० देखि ५०० सम्म | ५० |
| | कुखुरा संख्या ५०० देखि १००० सम्मको | १००/- |
| | कुखुरा संख्या १००१ देखि १०००० सम्म | १०००/- |
| | कुखुरा संख्या १०००१ देखि २०००० सम्म | २०००/- |
| | कुखुरा संख्या २०००१ देखि माथिको | ५०००/- |
| | ह्याचरी उद्योग बार्षिक | १००००/- |
| १०७ | **मौरी पालन व्यवसाय** | १५००/- |
| १०८ | **माछा पालन** | |
| | ५ कट्ठा सम्म | ५००/- |
| | १० कट्ठा देखि १ बिगाह सम्म | १०००/- |
| | १ बिगाह भन्दा माथि | २०००/- |
| १०९ | **बोर्डिङ्ग तथा निजी विद्यालय** | |
| | मन्टेश्वरी शिक्षा | ५०००/- |
| | आधारभुत तह (१-८) | १००००/- |
| | | |
| | मा.वि. तह (९-१२) | २००००/- |
| | कलेज तह | २५०००/- |
| १११ | **साबुन उद्योग** | १००००/- |
| ११२ | **जिम हाउस एवं फिटनेस सेन्टर/स्नोकर** | ५०००/- |
| ११३ | **मिनरल वाटर उद्योग** | १००००/- |

| | | |
|---|---|---|
| ११५ | **ईट्टा चिम्नी उद्योग** | १०००००/- |
| | डिपो | १००००/- |
| ११६ | **ग्याँस उद्योग** | ११००००/- |
| ११७ | **स-मिल काठ चिरानी** | |
| | (क) क श्रेणी (बेण्ड स र ट्रली समेत भएको) | १००००/- |
| | (ख) ख श्रेणी (३६ ईन्चको बेण्ड स. भएको) | ७०००/- |
| | (ग) ग श्रेणी (२४ वा १८ इन्चको बेण्ड स भएको) | ४०००/- |
| | (घ) घ श्रेणी (बेण्ड स नभएको) | २०००/- |
| ११८ | **क्रसर उद्योग** | ३०००००/- |
| ११९ | **कापी उद्योग** | १००००/- |
| १२० | **क्रेट/कर्टुन उद्योग** | १००००/- |
| १२१ | **बोरा उद्योग** | १००००/- |
| १२२ | **डिष्टीलरी उद्योग** | १०००००/- |
| १२३ | **वियर उद्योग दर्ता शुल्क १०००००** | ३०००००/- |
| १२४ | **स्टिल/फलाम उद्योग** | २०००००/- |
| १२५ | **अन्य कृषि जन्य उद्योग व्यवसाय** | १०००/- |
| १२६ | **पुराना कपडाबाट कपास तयार गर्ने उद्योग** | ३०००/- |
| १२९ | **महिला समुह, टोल विकास संस्था दर्ता** | 200/- |
| १३० | **शिशु स्याहार केन्द्र** | |
| | क)१५ जना सम्म संख्या भएको | १०००/- |
| | ख)१६-३० जना सम्म संख्या भएको | २०००/- |
| | ग)३१-६० जना सम्म संख्या भएको | ३०००/- |
| | घ)६१-१०० जना सम्म संख्या भएको | ५०००/- |
| १३१ | एन सेल, एन टि सि टावर निर्माण, नविकरण शुल्क | १००००/- |
| १३२ | **मेला महोत्सव अनुमति शुल्क** | |
| | क) ३ दिनसम्म दैनिक | ५०००/- |
| | ख) ३ दिनभन्दा माथि दैनिक | ३०००/- |
| १३४ | **गैर सरकारी संस्था (NGOs) सिफारिश, नविकरण, कार्यविस्तार** | १००००/- |
| | **संघ सस्था लाई कार्य संचालन गर्न सूचिकृत** | २०००/- |
| | **सरकारी तथा गै.स.स सूचिकृत,** | २५००/- |
| | **परामर्श, अडिटर, कन्सल्टेन्सी, ढेनरको सूचिकृत, अन्य सूचिकृत गर्दा** | २५००/- |
| | **सेकुरीटी कम्पनी दर्ता गर्दा वा सूचिकृत गर्दा** | ३०००/- |
| १३५ | **मिनि मार्ट स्टोर्स दर्ता र बार्षिक कर** | |
| | क)पृथ्वी राजमार्ग दायाँ बायाँ | ५०००/- |
| | ख) राजमार्ग आसपास नजिकका क्षेत्रमा | ३०००/- |
| | ग)माथि उल्लेख भएका बाहेक सबै वडा भित्रका | २०००/- |
| १३६ | **टायर पसल नयाँ सो रुम** | १००००/- |
| १३७ | निवेदन / टिकट दस्तुर (अन्य राजस्व असुल गर्दा साथै असुल गर्ने) | २५/- |
| १३८ | **घ वर्गको निर्माण व्यवसायीको लागि** | |

| | | |
|---|---|---|
| | क. ईजाजत पत्र दर्ता | ५०००/- |
| | ख. नविकरण (श्रावण देखि आश्विन सम्म) | ३०००/- |
| | ग. कार्तिक देखि चैत्रसम्म खण्ड (ख) को शुल्कमा थप | ३०००/- |
| | घ. निर्माण व्यवसायीको वर्गिकरण भित्र नपर्ने तर निर्माण कार्यमा संलग्न भएका व्यक्तिहरुलाई सुचिकृत तथा व्यवसाय कर | १०००/- |
| १४१ | **एफएम रेडियो तथा केबल टेलिभिजनको लागि** | |
| | **क. निवेदन दस्तुर** | |
| | एफ.एम. रेडियोका लागि | २०००/- |
| | केबुल टेलिभिजनको लागि | ५०००/- |
| | डाउनलिङ्क गर्न वा सिग्नल वितरण गर्न | ५०००/- |
| | **ख. ईजाजत पत्रको लागि** | |
| | केबुल टेलिभिजनको लागि | २५,०००/- |
| | विज्ञापन समावेश भएको स शुल्क च्यानेल डाउनलिंक गरी कार्यक्रम प्रशारण गर्नको लागि प्रति च्यानेल | ५०,०००/- |
| | **ग. एफएम रेडियोको लागि ईजाजतपत्र** | |
| | २० वाट सम्मका लागि | ३०००/- |
| | २० वाट भन्दा माथि ५० वाट सम्म | ५०००/- |
| | ५० वाट भन्दा माथि १०० वाट सम्म | १०,०००/- |
| १४२ | **अनलाइन खबर र अन्य** | ३०००/- |
| १४३ | गाउँपालिकाको ब्याकहो लोडर (JCB) प्रयोग गरेवापतको शुल्क (कार्य अबधी गणना गर्दा डोजर कार्यालय देखी सम्बन्धित कार्यस्थल सम्म जाँदा लाग्ने समय समेत गणना गरिनेछ ) | |
| | गाउँपालिकाको अनुदानमा सञ्चालित योजनामा प्रति घण्टा | १०००/- |
| | अन्य प्रयोजनको लागि | १२००/- |
| १४४ | गाउँपालिकाको सर्भेक्षकबाट फिल्डमा गई कित्ता नापजाँच तथा छुट्याउने कार्य गरेमा प्रति कित्ता | १५००/- |
| १४५ | खानी दर्ता तथा संचालन नविकरण | १५००००/- |
| १४८ | **गोबर ग्याँस व्यवसाय** | १०००/- |
| १४९ | **कोक तथा पेप्सी डिलर** | १५०००/- |
| १५० | **मासु प्रशोधन उद्योग** | |
| | क श्रेणी | १५०००/- |
| | ख श्रेणी | १००००/- |
| १५१ | **पंक्षी पालन दर्ता** | ४०००/- |
| १५२ | **आधिकारीक रुपमा जंगली जनावर पालन दर्ता** | ४०००/- |

| | | |
|---|---|---|
| १५३ | **विदेशी नागरिकको हकमा व्यवसाय दर्ता धरौटी** | १००००/– |
| १५४ | **होम स्टे** | १०००/– |

अनुसूची ५

# जडिबुटी, कवाडी र जीवजन्तु कर:

**(ऐनको दफा ६ संग सम्बन्धित)**

| क.सं | विवरण | करको दर |
|---|---|---|
| १ | उन | प्रति के.जी.५० पैसा |
| २ | खोटो | प्रति के.जी १ रुपैयाँ |
| ३ | जडिबुटि | प्रति के.जी ५ रुपैयाँ देखि १५००। सम्म |
| ४ | कवाडी | क)प्रति गोटा २५ पैसा |
| | | ख)प्रति के.जी १ रुपैयाँ देखि ३ रुपैयाँ सम्म |
| ५ | छाला | प्रति के.जी. २ रुपैयाँ |
| | हड्डी | प्रति के.जी १ रुपैयाँ ५० पैसा |
| | सिङ खुर | प्रति के.जी २ रुपैयाँ |
| ६ | प्लाष्टिक बोतल | प्रति के.जी १ रुपैयाँ |
| ७ | बियर बोतल ठुलो | प्रति गोटा २५ पैसा |
| ८ | हाल्फ बोतल | प्रति गोटा १५ पैसा |
| ९ | चौथाई बोतल | १० पैसा |
| १० | बोरा प्लाष्टिक ठुलो | १ रुपैयाँ ५० पैसा |
| ११ | बोरा प्लाष्टिक सानो | १ रुपैयाँ |
| १२ | बोरा जुट | २ रुपैयाँ |

अनुसूची ६

# सवारी साधन करः

**(ऐनको दफा ७ संग सम्बन्धित)**

सवारी साधन कर बाग्मती प्रदेश कानून बमोजिम हुनेछ ।

**रिक्सा तथा ठेला दस्तुर**

| | | |
|---|---|---|
| १ | ई रिक्सा, रिक्सा तथा ठेला बार्षिक कर | १००/- |
| २ | ई रिक्सा, रिक्सा नामसारी | ५००/- |
| ३ | ठेला नामसारी | १००/- |
| ४ | ई रिक्सा, रिक्सा दर्ता शुल्क | ३००/- |

अनुसूची ७

# विज्ञापन करः

**(ऐनको दफा ८ संग सम्बन्धित)**

| | | |
|---|---|---|
| १ | **विज्ञापन कर** | |
| | होडिङ्ग बोर्ड प्रति स्क्वायर फुट | ५२/- |
| | ग्लो बोर्ड प्रति स्क्वायर फुट | ४२/- |
| | साईन बोर्ड प्रति स्क्वायर फुट | ४२/- |
| | पोल बोर्ड प्रति स्क्वायर फुट | ६२/- |
| | भित्ते लेखन, तुल व्यानर तथा विज्ञापनजस्ता सामग्री प्रतिगोटा | २२/- |
| | मेला, स्वागत गेट, बाटो देखाउने बोर्ड र ईलेक्ट्रीक व्यानर | १०२/- |
| | संघ, संस्था, व्यापार, उद्योग आदिले आफ्नो कारोबार क्षेत्रमा ५० स्क्वायर फुट सम्मको विज्ञापन सामग्री राख्न पाउने र सो भन्दा माथि भए विज्ञापन कर लाग्नेछ | |

अनुसूची ८

## मनोरन्जन करः

**(ऐनको दफा ९ संग सम्बन्धित)**

| | | |
|---|---|---|
| १ | | |
| | क) दैनिक रुपमा सञ्चालन हुने | १0000/- |
| | ख) आंशिक रुपमा सञ्चालन हुने | ५000/- |
| | ग) टिकट बिक्रि गरी सञ्चालन गरीने मेला महोत्सव | आम्दानीको १० प्रतिशत |

अनुसूची ९

## बहाल बिटौरी शुल्कः

**(ऐनको दफा १० संग सम्बन्धित)**

अनुसूची १ बमोजिमको सम्पत्ति करको दर अनुसारकै बहाल बिटौरी शुल्क लाग्नेछ ।

अनुसूची १०

## पार्किङ शुल्कः

**(ऐनको दफा ११ संग सम्बन्धित)**

गाउँ कार्यपालिकाको तोकेको दरमा पार्किङ शुल्क लाग्नेछ ।

अनुसूची ११

## ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर, केवुलकार र र्याकफ्टीङ्ग शुल्कः

**(ऐनको दफा १२ संग सम्बन्धित)**

| | | |
|---|---|---|
| १ | श्री मनकामना दर्शन प्रा.लि.(स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ सँग सम्बन्धित रहेर दुई स्थानीय तह इच्छाकामना गाउँपालिका | टिकट विक्रीको २ प्रतिशत |

| | | |
|---|---|---|
| | चितवन र शहिद लखन गाउँपालिका गोरखाको गाउँसभाबाट पारित भए अनुसार दुबै स्थानीय तहले समान रकम १।१ प्रतिशत पाउने गरी ।) | |
| २ | ग्याप्टिङ व्यवसाय | ३००० |
| ३ | ग्याप्टिङ व्यवसाय गाउँपालिका बाहिरका व्यवसायी | ५०००/- |
| ४ | अन्य बिषयमा गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ | |

अनुसूची १२

# सेवा शुल्क, दस्तुरः

**(ऐनको दफा १३ संग सम्बन्धित)**

| क्र.सं. | विवरण | आगामी आ.व.को लागि प्रस्तावित दर |
|---|---|---|
| १. | **नाता प्रमाणित तथा विभिन्न सिफारिस** | |
| | नागरिकता सिफारिस | २५/- |
| | नागरिकता प्रतिलिपी | ५०/- |
| | विद्युत जडान सिफारिस तथा काठ निकासी सिफारीश | |
| | क) घरायसी/कृषि प्रयोजन | १००/- |
| | ख) व्यवसायिक प्रयोजनको लागि | २५०/- |
| | ग) व्यवसायीक प्रयोजनका लागि काठ निकासी | १५००/- |
| | घ) घरायसी प्रयोजनका लागि काठ निकासी | १५०/- |
| | **नाता प्रमाणित, विभिन्न शिर्षकको** | |
| | क) अंग्रेजीमा गरिने सिफारिश टाईप समेत | २५०/- |
| | ख) नेपालीमा गरिने सिफारिस | १५०/- |
| | ग) वडा सर्जमिन शुल्क/अन्य सबै सिफारिस | १००/- |
| | घ) सर्जिमन सहितको सिफारिस | १५०/- |
| २. | **उद्योग बन्द गर्ने तथा बन्द उद्योग खोल्ने सिफारिस** | ५००/- |
| ३. | **चार किल्ला प्रमाणित** | |

| | | |
|---|---|---|
| | क) वडा नं. ३ ४ ५ ६ को राजमार्गसँग जोडिएको जग्गा मात्र | ७००/- |
| | ख) अन्य सडकल छोएका | ३००/- |
| ४. | **पञ्जिकरण (३५ दिन म्याद नाघेको हकमा)** | |
| | क) जन्मदर्ता | ५०/- |
| | ख) मृत्यु दर्ता | ५०/- |
| | ग) विवाह दर्ता | ५०/- |
| | घ) बसाई सराई | ५०/- |
| | ङ) सम्बन्ध विच्छेद | ५०/- |
| | च) पञ्जिकरण प्रतिलिपी | ५०/- |
| ५ | **व्यक्ति प्रमाणित** | ५००/- |
| ६ | **अविवाहित प्रमाणित** | ५००/- |
| ७ | **घर बाटो सिफारिस** | |
| | क) राजमार्ग सँग जोडिएको | |
| | ७ धुर भन्दा कमको लागि | ५००/- |
| | ७ धुर भन्दा माथिको लागि | १०००/- |
| | ख) राजमार्गबाट उत्तर, दक्षिण खोलिएको पिच बाटो | ७००/- |
| | ग) राजमार्गबाट उत्तर, दक्षिण ग्रावेल बाटो | ५००/- |
| | घ) बाटो नभएको | ३००/- |

**मालपोत कार्यालयमा गर्ने सिफारिसहरु**

| क्र.सं. | विवरण | कर दर |
|---|---|---|
| १ | नाम, थर, वतन, संशोधन, प्रतिलिपी सिफारिश | २००/- |
| २ | नामसारी, दाखिला खारेज | ३००/- |
| ३ | अन्य सिफारिस | २००/- |

| | विवरण | कर दर |
|---|---|---|
| १ | जग्गा नामसारी मुचुल्का सिफारिस दस्तुर | १००। |
| २ | व्यवसाय दर्ता मुचुल्का सिफारिस दस्तुर | १००। |
| ३ | ठुला उद्योग दर्ता मुचुल्का सिफारिस दस्तुर | ५००। |
| ४ | ब्यवसाय दर्ता गर्न दिइने सिफारिस दस्तुर | ३००। |
| ५ | अन्य सवै प्रकृतिका सिफारिस दस्तुर | २००। |

| | | |
|---|---|---|
| ६ | सामान्य प्रकृतिका सिफारिस दस्तुर | १००। |
| ७ | तेकिएको म्याद नाघेकोमा व्यवसायको हकमा | गत बर्षको अनुसार |
| ८ | तोकिएको म्याद नाघेको मालपोत दस्तुरको हकमा | गत बर्षको अनुसार |
| ९ | वैदेशिक प्रयोजनको लागि हैसियत प्रमाणित लाखको | ५०। |
| १० | जग्गाको धितो मूल्याङ्कन लाखको | १००। |
| ११ | काठ दाउरा सिफारिस दस्तुर | १०००। |
| १२ | काउन्सिलिङ प्रमाणित | ५००। |

**पेन्सनको सिफारिस**

| क्र.सं. | विवरण | करको दर |
|---|---|---|
| १ | स्वदेशको लागि | २००/– |
| २ | विदेशको लागि | ५००/– |

## दर्ताका लागि सिफारिश दस्तुर

| क्र.सं. | विवरण | करको दर |
|---|---|---|
| १ | **उद्योग एवं व्यवसाय दर्ता दस्तुर** | |
| | नयाँ ईट्टा चिम्नी दर्ता | ५००००/– |
| | पेट्रोल पम्प दर्ता नयाँ | १५०००/– |
| | इलेक्टिक पम्प दर्ता नयाँ | १५०००/– |
| २ | **चिउरा तथा भुजा मिल नयाँ दर्ता** | |
| | क) अटोमेटिक | १५०००/– |
| | ख) अन्य | ५०००/– |
| ३ | **ग्याँस उद्योग नयाँ दर्ता** | १०००००/– |

| | | |
|---|---|---|
| ४ | **स मिल काठ चिरानी नयाँ दर्ता ए** | |
| | क) बेण्ड स र ढली समेत भएको | ५0000/– |
| | ख) अन्य | ३0000/– |
| ५ | **वन पैदावर नयाँ दर्ता** | ५000/– |
| ६ | **डिस्टीलरी उद्योग तथा वियर उद्योग नयाँ दर्ता** | १२0000/– |
| ७ | **बैङ्क तथा वित्तिय संस्था नयाँ दर्ता एवं सूचिकृत** | |
| | क वर्गको बैंङ्क तथा वित्तिय संस्था | ३0000/– |
| | ख वर्गको बैङ्क तथा वित्तिय संस्था | १५000/– |
| | ग वर्गको बैङ्क तथा वित्तिय संस्था | ६000/– |
| | घ वर्गको लघुवित्त तथा सिमित बैङ्किक कारोबार | ५000/– |
| ८ | **सहकारी संस्थाहरु दर्ता शुल्क** | २000/– |
| ९ | **ह्याचरी नयाँ दर्ता** | २0000/– |
| १0 | **क्रसर उद्योग नयाँ दर्ता** | ३00000/– |
| ११ | **कापी उद्योग नयाँ दर्ता** | ५000/– |
| १२ | **क्रेट/कार्टुन उद्योग नयाँ दर्ता** | ५000/– |
| १३ | **बोरा उद्योग नयाँ दर्ता** | ५000/– |
| १४ | **राईस मिल नयाँ दर्ता** | |
| | क) स्टीम प्लान्ट | १५000/– |
| | ख) अटोमेटीक प्लान्ट | १0000/– |
| | ग) अन्य राईस तथा तेल मिल | ३000/– |
| १५ | **स्टिल/फलाम उद्योग नयाँ दर्ता** | ५0000/ |

| क्र.सं. | घरको बनावट | राजमार्गको दायाँ बायाँ प्रति वर्गफुट लाग्ने दस्तुर रु.मा | शाखा पिच सडकको दाँया बायाँ प्रति वर्गफुट लाग्ने दस्तुर रु. मा | अन्य सडकको दायाँ बायाँ तथा अन्य स्थानमा प्रति वर्गफुट लाग्ने दस्तुर रु.मा. |
|---|---|---|---|---|
| १ | **औद्योगिक तथा व्यासायिक प्रयोजन तर्फ** | | | |
| | **क) RCC फ्रेस स्टक्चर तर्फ** | | | |
| | जमिनतला | ३/- | ३/- | २/- |
| | प्रथमतला | ४/- | ४/- | ३/- |
| | दोस्रोतला सो भन्दा माथि | ५/- | ५/- | ४/- |
| | **ख) लोडवेयरिङ्ग स्टक्चर तर्फ** | | | |
| | जमिनतला | ३/- | २/- | १/- |
| | प्रथमतला | ४/- | ३/- | २/- |
| | दोस्रो तला तथा सो भन्दा माथि | ५/- | ४/- | ३/- |
| | **ग) ईट्टालाई सिमेन्ट वा माटोको जोडाई गरी बनेको जस्ताको छाना भएको घर** | | | |
| | जमिनतला | ३/- | २/- | १/- |
| | प्रथमतला | ४/- | ३/- | २/- |
| | दोस्रो तला तथा सो भन्दा माथि | ५/- | ४/- | ३/- |
| २ | **आवासीय प्रयोजन तर्फ** | | | |
| | **क) RCC फ्रेम स्टक्चर तर्फ** | | | |
| | जमिनतला | ३/- | २/- | १/- |
| | प्रथमतला | ४/- | ३/- | २/- |
| | दोस्रोतला तथा सो भन्दा माथि | ५/- | ४/- | ३/- |
| | **ख) लोडवेयरिङ्ग स्टक्चर तर्फ** | | | |
| | जमिनतला | २/- | १/- | १/- |
| | प्रथमतला | ३/- | २/- | २/- |
| | दोस्रो तला तथा सो भन्दा माथि | ४/- | ३/- | २/- |
| | **ग) ईट्टालाई सिमेन्ट वा माटोको जोडाई गरी बनेको जस्ताको छाना भएको घर** | | | |
| | जमिनतला | २/- | १/२० | १/- |
| | प्रथमतला | ३/- | २/- | १/- |
| | दोस्रो तला तथा सो भन्दा माथि | ३/- | २/५० | २/- |

| | | |
|---|---|---|
| **१६** | **होमस्टे दर्ता शुल्क** | २५००/- |
| **१७** | **कवाडी दर्ता शुल्क** | २०००/- |

**उपरोक्त माथि उल्लेखित बाहेक अन्य उद्योग व्यवसायको हकमा तपसिल बमोजिमको करको आधारमा दर्ता शुल्क लिइने छ।**

| **क्र.सं** | **विवरण** | **करको दर** |
|---|---|---|
| **१** | ५००-२००० सम्म | **५००/-** |

| | | |
|---|---|---|
| २ | **२००१-३००० सम्म** | १०००/- |
| ३ | **३००१-१०००० सम्म** | १५००/- |
| ४ | **१०००१-२०००० सम्म** | २०००/- |

**घर नक्सा पास दस्तुर**

जिल्लाबाट दर रेट परिवर्तन भई आएमा सोही अनुसार गरिनेछ ।

१) घर नक्साको प्रतिलिपि दस्तुर रु. ५००/-

२) घर नक्साको नामसारी दस्तुर २५% (नामसारी गर्दाको मितिमा सो प्रकृतिको घरका लागि लाग्ने दस्तुरको)

३) माथि उल्लेख नभएका सार्वजनिक पाटि, पौवा, मन्दिर, गुम्बा, मस्जिद, चर्च, स्कूलको हकमा दस्तुर लाग्ने छैन अन्यको हकमा आवासीय प्रयोजनको सरह दस्तुर लाग्नेछ ।

| १३३ | **न्यायीक दस्तुर** | |
|---|---|---|
| | क) फिराद दस्तुर | १००/- |
| | ख) प्रतिउत्तर दस्तुर | ५०/- |
| | ग) समाव्हान दस्तुर | १०/- |
| | घ) कोर्ट फि दस्तुर (विगोको) | |
| | रु.२०००।-सम्मको | १००/- |
| | रु.२०००।- देखि माथी रु.२५०००।- सम्मको | ४ प्रतिशत |
| | रु.२५०००।- देखि माथी रु.७५०००।- सम्मको | ३ प्रतिशत |
| | रु.७५०००।- देखि माथी रु.१५०,०००।- सम्मको | २ प्रतिशत |
| | रु.१५०,०००।- भन्दा माथी | १ प्रतिशत |
| | ङ) नक्कल दस्तुर प्रति पाना (कार्यालयको तर्फबाट) | ४/- |
| | च) मिलापत्र तथा अन्य निवेदन दस्तुर | १०/- |
| | छ) मिलापत्र गराए बापतको दस्तुर | १००/- |
| | ज) विगो भराउने, चलन, चलाए बापतको दस्तुर | बिगोको २.५ प्रतिशत |

## अस्थाइ हाट बजार शुल्कः

| **क्र.सं** | **विवरण** | **करको दर प्रति दिन** | **कैफियत** |
|---|---|---|---|
| १ | तरकारी पसल | ४०/- | |
| २ | कपडा पसल | ५०/- | |

| | | | |
|---|---|---|---|
| ३ | खाद्य सामानको खुद्रा पसल | ५०/– | |
| ४ | माछा मासु काटी बेच्ने | ३०/ | |
| ५ | हाट बजारमा बिक्रि गर्न ल्याइएका चौपाय प्रति गोटा | २५/– | |
| ६ | जडीबुटी पसल | २०/– | |
| ७ | चटपट आइसक्रिम पसल | २५/– | |
| ८ | फलफूल पसल | ४०/– | |
| ९ | इलेक्ट्रिक सामान मर्मत | ५०/– | |
| १० | जुत्ता चप्पल सिउने तथा छाता मर्मत गर्ने | १०/– | |
| ११ | खाजा पसल | ४०/– | |
| १२ | हाट बजारमा बिक्रि गर्न ल्याइएका पंक्षी प्रतिगोटा | १०/– | |

## फोहोर मैला व्यवस्थापन शुल्कः

| क. सं. | उपभोक्ताको किसिम | | मासिक | |
|---|---|---|---|---|
| क | घर धुरी | | ५०/ | |
| ख | कोठामा बस्ने | | १०/ | |
| ग | चिया पसल | | ७५/ | |
| | होटल रेष्टुरेण्ट | | १००/ | |
| | बस खुवाउने लज होटेल | | १५०/ | |
| | ठुला होटल टुरिष्ट आउने | | ५००/ | |
| घ | **मासु पसल** | | | |
| | ठूला | | ३००/ | |
| | साना | | १५०/ | |
| ङ | डिपार्टमेन्टल स्टोर्स | | ५००/ | |
| च | **तरकारी तथा फलफूल पसल** | | | |
| | ठूला | | ३००/ | |

| | | | | |
|---|---|---|---|---|
| | साना | | २००/ | |
| | सामान्य खुद्रा | | १००/ | |
| छ | सैलुन | | १५०/ | |
| | पार्लर | | १००/ | |
| ज | स्कूल | | २००/ | |
| झ | **वर्कसप** | | | |
| | ठूला सवारी साधन | | २००/ | |
| | साना सवारी साधन | | १००/ | |
| ञ | ठुला उद्योग | | ७००/ | |
| | साना उद्योग | | ५००/ | |
| ट | **किराना पसल** | | | |
| | ठुलो किराना पसल | | १००/ | |
| | सानो किराना पसल | | ८०/ | |
| ठ | कुनै पनि डिलर | | १२०/ | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची १३

# पर्यटन शुल्कः

**(ऐनको दफा १४ संग सम्बन्धित)**

| | | | | |
|---|---|---|---|---|
| १ | **पर्यटन शुल्क** | | | |
| | **(क) लामो झरना** | विदेशी | स्वदेशी | स्थानिय |
| | १. प्रवेश शुल्क | १०० /- | ५०/- | २०/- |
| | २.क्यानइङ्ग | ५००/- | १०० /- | |
| | ३.स्विमिङ शुल्क | १०० /- | २०/- | १० /- |
| | ४.वृत्त चित्र, म्युजिक भिडियो निर्माण | ५००/- | | |
| | मोटर बोट | दर्ता शुल्क रु १००००। प्रति टिकट रु १० | | |
| | **ख) बनभोज** | | | |
| | १) १५ जनासम्म | ३००/- | | |

| | | | | |
|---|---|---|---|---|
| | २)१६ जनादेखि ३० जनासम्म | ५००/- | | |
| | ३)३० जना भन्दा माथि | १०००/- | | |
| | **ग) सिराइचुली** | १००/- | ५०/- | २०/- |
| | **घ) उपरदाङ्गगढी** | १००/- | ५०/- | २०/- |
| | **ङ)गाउँपालिका क्षेत्रभित्र खोला उपयोग गरि र्‍याफ्टिङ गरेवापत** | १००/- | ५०/- | १०/- |

अनुसूची १४

# विक्रि करको दर:

**(ऐनको दफा १६ संग सम्बन्धित)**

| **क.सं** | विवरण | करको दर |
|---|---|---|
| १ | **कृषि जन्य पदार्थ** | |
| | क) प्रति बोलेरो | १००/- |
| | ख) मिनि ट्रक | २००/- |
| | ग)ठूलो ट्रक | ३००/- |
| | घ)ट्रयाक्टर | १००/- |
| २ | **पशुजन्य** | |
| | क) गाई, भैसी,घोडा, सुंगुर लगायत अन्य चौपाया | १००/- प्रति गोटा |
| | ख) खसी,बोका,पाठा | ३०/- प्रति गोटा |
| | ग) कुखुरा,हाँस,परेवा, लगायतका पंक्षीहरु | १/- प्रति गोटा |

**तरकारी तथा फलफुलमा लाग्ने विक्रि कर**

| क.सं | विवरण | करको दर |
|---|---|---|
| १ | फलफुल | प्रति के.जी १ रुपैयाँ |

| | | |
|---|---|---|
| २ | तरकारी | प्रति के.जी ७५ पैसा |
| ३ | सागसब्जी | प्रति मुठामा २५ पैसा र के.जीमा ७५ पैसा |

**प्रदेश सरकारको आर्थिक ऐन,२०७६**

**अनुसूची-५**

दफा ९ सँग सम्बन्धित

(ढुङ्गा, गिटी, बालुवा, दहत्तर बहत्तर शुल्क)

| सि.नं | विवरण | इकाई | दर ( रुपैयाँमा |
|---|---|---|---|
| १ | माटो (स्वीकृत खानी क्षेत्र बाहेकमा) | प्रति घन फिट | २।५० |
| २ | ढुङ्गा, चुनढुङ्गा, खरिढुङ्गा,गिटी, ग्राभेल,रोडा,बालुवा ( स्वीकृत खानी क्षेत्र बाहेकमा) | प्रति घन फिट | ९। |
| ३ | स्लेट (स्वीकृत खानी क्षेत्र बाहेकमा) | प्रति घन फिट | ९। |
| ४ | दहत्तर बहत्तर सामाग्रीको बिक्री मुल्यमा दश प्रतिशत शुल्क लाग्नेछ। | | |
| ५ | सि.नं.१ को माटो घाटगट्टी एवं विक्री स्वीकृत खानी क्षेत्र बाहेकमा को शुल्क रु २।५० प्रति क्युफिट दर तोकिएकोमा धेरै मात्रामा माटो प्रयोग हुने उद्योग जस्तो इट्टा उद्योग हरुलाई उद्योगको क्षमताको आधारमा सम्बन्धित स्थानीय तहले बार्षिक रुपमा शुल्क निर्धारण गर्न सक्नेछ। यसरी बार्षिक शुल्क निर्धारण गर्दा जोडिएका स्थानीय तहहरुसँग समेत आवश्यक समन्वय गर्नुपर्नेछ। | | |
| ६ | व्यक्तिको निजी जग्गाबाट माटो बिक्री गर्दा जग्गा धनीले नै कति घनफिट माटो बिक्री गर्ने हो यकिन गरी सम्बन्धित स्थानीय तहमा निवेदन गर्नुपर्नेछ। सो सम्बन्धमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाले निर्णय गरी बार्षिक रुपमा एकमुष्ट शुल्क लिने गरी व्यवस्था मिलाउनु पर्नेछ। सार्वजनिक जग्गा तथा स्थान बाहेक व्यक्तिको स्वामित्वमा रहेको निजी जग्गाको माटो उत्खनन् गर्दा निम्न कुरामा विचार गरेर मात्र स्थानीय तहले स्वीकृत दिनेछ।साँध सिमाना पर्ने जग्गा धनीको लिखित स्वीकृति भएको हुनुपर्ने छ।<br><br>माटो उत्खनन बाट प्राकृतिक स्रोतको दुरुपयोग, भौगोलिक संरचना, मानविय बासस्थान, सार्वजनिक तथा व्यक्तिगत भवन लगायतको संरचना, सडक,कुलो, नहर, साँध सिमानामा रहेको छिमेकीको | | |

| | |
|---|---|
| | जग्गाको संरचना आदिमा कुनै किसिमको असर नपर्ने हुनुपर्नेछ। |
| ७ | प्रदेश भित्र उत्पादन हुने सिमेन्टको हकमा कारखाना मूल्यको ०.२५ प्रतिशतका दरले प्राकृतिक श्रोत शुल्क लगाइने छ। संघिय कानून बमोजिम चुनढुङ्गा खानीको अनुमति लिई सञ्चालनमा रहेका सिमेन्ट उद्योगलाई सि.नं २ मा उल्लिखित चुनढुङ्गामा शुल्क नलाग्ने। |

**गाउँपालिका आ ब २०७६।७७ को सशोधित आय विवरण**

| संकेत नं. | आय शिर्षकहरु | आ.व. ०७६।०७७ को अनुमानित आय | आ.व. ०७६।०७७ को हालसम्मको यथार्थ आय | आ.व. ०७६।०७७ को स्रशोधित अनुमानित |
|---|---|---|---|---|
| १ | **आन्तरिक स्रोत** | | | |
| ११३०० | **सम्पत्तिकर** | | | |
| ११३१३ | सम्पत्तिकर | १०,०००,०००.० | ३०१,३२७.७ | ८००,०००.० |
| ११३१४ | भुमिकर/मालपोत | ६,०००,०००.० | ३२,२१८.६ | ५००,०००.० |
| ११३२० | **खुद सम्पत्तिमा लाग्ने कर** | - | | |
| ११३२१ | घर जग्गा बहालकर | २,०००,०००.० | ५७८,१५७.० | १,०००,०००.० |
| ११३२२ | बहाल विटौरी कर | ५००,०००.० | - | २००,०००.० |
| ११४४० | **विशेष सेवामा लाग्ने कर** | | | |
| ११४४२ | स्वास्थ्य सेवा कर | | - | |
| ११४४३ | शिक्षा सेवा शुल्क शैक्षिक संस्था | ५००,०००.० | - | १००,०००.० |
| ११४४४ | शिक्षा सेवा शुल्क बैदेशिक अध्ययन | | - | |
| ११४७० | **मनोरञ्जन कर** | | | |
| ११४७१ | सिनेमा/मनोरञ्जन कर | ४,०००,०००.० | - | - |
| ११४७२ | विज्ञापन कर | ४,०००,०००.० | - | १,०००,०००.० |
| ११४७३ | अन्य मनोरञ्जन कर | | | |
| ११६०० | **अन्य कर** | ५,०००,०००.० | | |
| ११६१३ | व्यवसाय रजिष्टेशन तथा नविकरण दस्तुर | १००,०००.० | १,६४८,१२५.५ | २,०००,०००.० |
| ११६१४ | रेडियो/एफ.एम. सञ्चालन तथा नविकरण दस्तुर | | - | |
| ११६३० | **कृषि तथा पशुजन्य कारोबारमा लाग्ने कर** | | | |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोबारमा लाग्ने कर | ५००,०००.० | | - |
| ११६९० | **अन्य कर** | | | |

| | | | | |
|---|---|---|---|---|
| ११६९१ | अन्य कर | २,५००,०००.० | ३८,३७५.० | १००,०००.० |
| १४२१० | **बस्तु वा सेवाको विक्रिबाट प्राप्त कर** | | | |
| १४२११ | सरकारी सम्पत्तिको विक्रिबाट प्राप्त रकम | | | |
| १४२१३ | अन्य विक्रिबाट प्राप्त रकम | | | |
| १४२१९ | अन्य सेवा शुल्क (फोहोर व्यवस्थापन, लामो झरना आदि) | १,०००,०००.० | ८,०००.० | १,८००,०००.० |
| १४२२१ | न्यायीक दस्तुर | १००,०००.० | | १०,०००.० |
| | घरजग्गा रजिष्ट्रेशन दस्तुर | | २,५००,०००.० | ३,९८४,०००.० |
| १४२२९ | अन्य प्रशासनीक सेवा शुल्क | १००,०००.० | | २०,०००.० |
| १४२४० | **दस्तुर** | | | |
| १४२४१ | पार्किङ्ग शुल्क | १,०००,०००.० | | १३,५००.० |
| १४२४२ | नक्शापास दस्तुर | १,०००,०००.० | १२०,९७६.० | २००,०००.० |
| १४२४३ | सिफारिश दस्तुर | २,०००,०००.० | ३६५,३६४.० | ५००,०००.० |
| १४२४४ | व्यक्तिगत घटनादर्ता दस्तुर | ५००,०००.० | | ५०,०००.० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | २००,०००.० | ५००.० | १००,०००.० |
| १४२४९ | अन्य दस्तुर (ढुङ.गा गिटी वालुवा) | ४०,०००,०००.० | ९,३७४,२१३.० | १०,०००,०००.० |
| १४३१२ | प्रशासनिक दण्ड जरीवाना र जफत | २००,०००.० | २७,०४१.३ | ५०,०००.० |
| १४५२९ | अन्य राजश्व (केवलकार) | २०,०००,०००.० | ७६५,५१७.४ | १२,०००,०००.० |
| | गत वर्षको अ ल्या आन्तरिक | २०,०००,०००.० | २०,०००,०००.० | २०,०००,०००.० |
| | | 121,200,000.0 | ३५,७५९,८१५.४ | ५२४०४१५००.० |

**आज्ञाले**

**नामः सुकदेव लम्साल**

**प्रमुख प्रशासकीय अधिकृत**